## प्रेस विज्ञप्ति

नेपालमा दास प्रथाको रुपमा विद्यमान रहेको एक मात्र हरवाचरवा प्रथाको मिति २०७९ श्रावण २ गतेका दिन एक भव्य समारोहका बीच सम्माननीय प्रधानमन्त्री शेरबहादुर देउवा ज्यू ले मुक्तिको घोषणा गर्नुभएको छ। कमैया मुक्तिको २२औं मुक्तिदिवसको सन्दर्भमा आयोजित कार्यक्रममा विशेष सन्देश मार्फत हरवाचरवा मुक्तिको घोषणा गरेर समुद्घाटन गरिएको थियो। '**मुक्त कमैया कम्लहरी मुक्त हलिया, हरवाचरवा सम्वन्धी वस्तुस्थिति अध्ययन समिति**'ले गतः बैशाख ९ गते आफ्नो अध्ययन प्रतिवेदनको सिफारीशलाई समुचित ठहऱ्याउँदै भूमिब्यवस्था, सहकारी तथा गरिबीनिबारण मन्त्रीज्यू को सक्रिय पहलमा विद्यमान कमैया श्रम निषेध ऐन २०५८ अनुसार आज हरवाचरवाको मुक्ति र ऋण र कागजात खारेजी सम्वन्धमा ऐतिहासिक घोषणा सम्माननीय प्रधानमन्त्रीश्री शेरबहादुर देउबा ज्यूबाट भएको छ। यो एउटा ऐतिहासिक महत्वको घोषणा हो। पुनर्स्थापनाको एकीकृत प्याकेजसहित हरवा चरवाको मुक्ति र पुनर्स्थापनाको कार्यलाई प्रभावकारी ढंगले अघि बढाउन सकिएमा यो एउटा त्यस्तो ऐतिहासिक पाइला हुनेछ जसले नेपालमा सम्पूर्ण रुपमा सामन्ती भूदास प्रथा वाबँधुवा श्रमको पुरापुर उन्मुलन सम्भव बनाउने छ। सर्वप्रथम नेपाल सरकारको यस ऐतिहासिक घोषणाको हाम्रो संगठन राष्ट्रिय हरवाचरवा अधिकार मंच केन्द्रीय समितिका तर्फबाट हार्दिक स्वागत गर्न चाहन्छौं। यस ऐतिहासिक घोषणाका लागि सम्माननीय प्रधानमन्त्रीज्यू तथा नेपाल सरकारका भूमिव्यवस्था, सहकारी तथागरिवीनिवारण मन्त्रीज्ुलाइृ हार्दिक धन्यवाद ज्ञापन गर्दछौ.।

**उक्त घोषणाप्रति हाम्रो संगठनका तर्फबाट हामीनिम्नानुसार दृष्टिकोण अघि सार्न चाहन्छौं :**

१. सर्वप्रथम हरवाचरवामुक्तिको घोषणालाई कार्यान्वयन गर्न नेपाल सरकार भूमिब्यवस्था, सहकारी तथागरिबीनिबारण मन्त्रालयको अगुवाईमा विस्तारित कार्ययोजना निर्माण गरी मन्त्रीपरिषदबाट पारित गरियोस। साथै पुनःस्थापनाको बजेटसहितको कार्ययोजनानिर्माण गरियो।
२. हरवाचरवामुक्तिको घोषणालाई व्यवहारमा लागू गर्न तत्काल केन्द्रीय तथा प्रदेश स्तरमा अधिकार सम्पन्न संरचना निर्माण गरियोस।
३. सम्माननीय प्रधानमन्त्रीज्युबाट घोषणा गरिएको ४ बुंदे घोषणा संकल्प प्रस्तावका रुपमा व्यवस्थापिका संसदबाट पारित गरियोस।
४. तत्कालप्रदेश सरकार तथा स्थानीयतहसंगको सहयोग, सहकार्य तथा समन्वयमातथ्याँक संकलन गरी उनीहरूलाई परिचयपत्र प्रदान गरियोस।
५. अध्ययन प्रतिवेदनमा उल्लेख भए बमोजिम मुक्त कमैया, कम्लहरी, हलिया र हरवाचरवा सम्वन्धमा विस्तृत कार्ययोजना र नीतिबनाएर, साथसाथै, यी सबैलाई मन्त्रीपरिषदले पीरित गरेर, त्यसलाई लागू गर्ने कानुन अनुसारका प्रभावकारी ढंगले कार्यान्वयन गरियोस।
६. मुक्त घाषित मुक्त हरवाचरवाको सम्पूर्ण शान्ति सुरक्षाको व्यवस्थागरियोस।

आजको ऐतिहासिक घोषणाको कार्यान्वयनका लागि नेपाल सरकार, सम्बन्धित निकाय तथा सम्पूर्ण सरोकारवालाहरुमा सहयोगमा जुट्न आव्हानगर्दछौं।

**दशनलाल मण्डल**
**केन्द्रीय अध्यक्ष**

**मिति : २०७९ श्रावण ३ गते।**